२८) नगरपालिकाको मदिरा बिक्रिको ईजाजत नलिई बिक्रि गरेको र मदिरा ओसारपसार गरेको पाईएमा मदिरा जफत गरी देहाय बमोजिम जरिवाना गरिनेछ ।

क) पहिलो पटकका लागि रु. १०,०००। (दश हजार) जरिवाना

ख) दोश्रो पटकका लागि रु. २०,०००। (वीस हजार) जरिवाना

ग) तेस्रो पटकका र सो भन्दा बढी भएमा प्रत्येक पटकका लागि रु. ३०,०००। (तीस हजार) जरिवाना

परिच्छेद ५

विविध

२८) यो ऐनको अधिनमा रही नगरकार्यपालिकाले आवस्यक नियमावली, कार्यविधि बनाउन सक्नेछ ।

२९) यस ऐनमा उल्लेख नभएका विषयमा नेपाल सरकार र प्रदेश सरकारको प्रचलितकानुन बमोजिम हुने र संघ सरकार, प्रदेश सरकारको कानुन संग बाझीएमा बाझीएको हद सम्म अमान्य हुनेछ ।

३०)यो ऐन स्वीकृत हुनुभन्दा अघि मदिरा सम्बन्धि भए गरेका काम कारवाहीहरु यसै ऐन बमोजिम भएको मानिने छ ।

३१) यो ऐन कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ पर्न आएमा वा यो ऐनमा उल्लेख नभएको विषयका सम्बन्धमा कुनै व्यवस्था गर्न आवस्यक परेमा परशुराम नगरसभाले आवस्यक संसोधन गर्न सक्नेछ ।यसमा उल्लेखित जरीवानाका दरहरु नगरपालिकाको प्रत्येक आर्थिक वर्षमा निर्माण हुने आर्थिक ऐनमा तोकिएको राजस्व दर बमोजिम परिवर्तन हुनसक्नेछन् ।

प्रमाणिकरण मितिः २०७६।०३।१२

आज्ञाले
ईश्वरलाल शाक्य
प्रमुख प्रशासकीय अधिकृत



जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# स्थानीय राजपत्र

## परशुराम नगरपालिकाबाट प्रकाशित

खण्डः २ संख्याः ८ मितिः २०७६/०६/०८

जोगबुडा, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल

## भाग १

## मदिरा सेवन तथा उत्पादन नियन्त्रण ऐन २०७६

प्रस्तावना :

परशुराम नगरपालिका भित्र अवैध रुपमा मदिरा उत्पादन, विक्रि वितरणमा रोकथाम गर्नुका साथै मदिरा विक्रि वितरण कार्यलाई व्यवस्थित र नियमन गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (१) बमोजिम परशुराम नगरपालिकाको चौथो नगरसभाबाट यो ऐनबनाई लागु गरिएको छ ।

परिच्छेद – १

**प्रारम्भिक**

(१) संक्षिप्त नाम र प्रारम्भ :१) यो ऐनको नाम “मदिरा सेवन तथा उत्पादन नियन्त्रण ऐन २०७६”रहेको छ ।

२) योऐन स्थानीय राजपत्रमा प्रकासित भएको दिन देखि परशुराम नगरपालिका क्षेत्रभित्र लागु हुनेछ ।

(२) परिभाषा :

३) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :–

क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्छ ।

ख) "नगरपालिका" भन्नाले परशुराम नगरपालिका लाई सम्झनु पर्छ ।

ग) "कार्यपालिका" भन्नाले परशुराम नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

घ) "कार्यालय" भन्नाले परशुराम नगरपालिका रहेको कार्यालयलाई सम्झनुपर्छ

ङ) "मदिरा" भन्नाले फलफूल वा अन्य कुहाई वा अन्य कुनै तरिकाले तयार पारिने विदेशी वा स्वदेशी सवै प्रकारको रक्सी र वियर समेतलाई जनाउछ ।

च)"डिलरवाला" भन्नाले परशुराम नगरपालि भित्र रक्सीको थोक विक्रि गर्ने अनुमति प्राप्त विक्रेतालाई सम्झनुपर्छ ।

(छ) "होटेल" भन्नाले भोजन खानपीनको प्रबन्ध भई वा नभई बसोवासको सुविधा दिने गरी ब्यावसायिक आधारमा चलाईएको होटेल सम्झनुपर्छ र सो शब्दले रेष्टुरा समेतलाई जनाउछ ।

(ज) "सभा" भन्नाले परशुराम नगरपालिकाको सभालाई सम्झनु पर्छ ।

(झ) "प्रमुख" भन्नाले परशुराम नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ञ) "उप प्रमुख" भन्नाले परशुराम नगरपालिकाको उप प्रमुख सम्झनुपर्छ

(ट) "प्रमुख प्रशाशकीय अधिकृत" भन्नाले परशुराम नगरपालिकाको प्रमुख प्रशाशकीय अधिकृतको जीम्मेवारी वहन गरेको अधिकारी सम्झनुपर्छ ।

(ठ) "वडा अध्यक्ष" भन्नाले परशुराम नगरपालिकाको विभिन्न वडाबाट निर्वाचित वडा अध्यक्ष सम्झनुपर्छ ।

ड) "सचिव" भन्नाले परशुराम नगरपालिकाको प्रमुख प्रशाशकीय अधिकृतलाई सम्झनु पर्छ । वडाको हकमा सम्बन्धित वडा सचिवलाई सम्झनु पर्छ ।

ढ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

ण) "समिति" भन्नाले प्रत्येक वडामा गठीत वडास्तरीय मदिरा व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

त) "मूल समिति" भन्नाले परशुराम नगरपालिकामा गठीत परशुराम नगरपालिकाको नगरस्तरीय मदिरा ब्यवस्थापन समितिलाई सम्मझनुपर्छ ।





क) पहिलो पटकका लागि रु. ५,०००। (पाँच हजार) जरिवाना

ख) दोश्रो पटकका लागि रु. १०,०००। (दश हजार) जरिवाना

ग) तेस्रो पटकका लागि रु. १५,०००। (पन्ध्र हजार) जरिवाना

घ) सो भन्दा बढि पटक भएमा कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

२१) सार्वजनिक स्थलहरु ( विद्यालय, मठमन्दिर, अस्पताल ) बाट मदिरा पसल टाढा राख्नुपर्ने र सो सम्बन्धमा वडा कार्यालय, उद्योग वाणिज्य संघको सिफारिस र नगरपालिकाको निर्णय अनुसार मदिरा पसल खोल्न अनुमति दिईनेछ ।

२२) किराना, खाद्यान्न, तरकारी, औषधी, मासु, कपडा, फलफूल लगायतका कुनै पनि पसलबाट मदिरा विक्रि गर्न पाईने छैन ।

२३) होटेल, रेष्टुरेन्टहरुले मदिरा प्रत्यक्ष बाहिर प्रदर्शन हुने गरी राख्न पाईने छैन ।

२४) मदिराको स्वीकृति लिएका होटेलहरुमा खाना वास क्षेत्र बाहेक मदिरा सेवन कक्ष अलग्गै हुनुपर्ने छ ।

२५) १८ वर्ष मुनीका ब्यक्तिलाई मदीरा विक्रि वितरण र ओसार पसार गर्न गराउन पाईने छैन ।

२६) वडा कार्यालयबाट मदिरा ब्यवसायका लागि सिफारिस माग गर्दा ब्यवसायीले उद्योग वाणिज्य संघको सिफारिस र मदिरा बिक्रि पसल रहने स्थानको नजिकका छिमेकीहरुको सर्जमिन मुचुल्का अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

२७) नगरपालिकाको मदिरा सम्बन्धि यस ऐन विपरित मदिरा विक्रि वितरण गरेमा मदिरा जफत गरी देहाय बमोजिम जरिवाना गरिनेछ ।

क) पहिलो पटकका लागि रु. ५,०००। (पाँच हजार) जरिवाना

ख) दोश्रो पटकका लागि रु. १०,०००। (दश हजार) जरिवाना

ग) तेस्रो पटकका लागि रु. २०,०००। (बीस हजार) जरिवाना

घ) सो भन्दा बढि पटक यो ऐन विपरित मदिरा विक्रि गरेमा सम्बन्धित निकायमा प्रचलित कानुन बमोजिम करवाहीका लागि सिफारिस गरिनेछ ।

ग) तेश्रो पटकका लागि : न्युनतम १,००,०००/- ( एक लाख ) देखि अधिकतम २,००,०००/- ( दुई लाख ) सम्म जरिवाना

१४) मदिरा लाई सार्वजनिक यातायातका साधन (बस, जिप) , खाद्यपदार्थ बोकेका गाडीमा ढुवानी गर्न पाईने छैन ।

१५) यस ऐन विपरित मदिरासेवन गरी हो-हल्ला, गाली बेईज्जत, अमानवीय र गैरसामाजिक कार्य गर्ने वा गर्न दुरुत्साहन गर्ने, समाजमा शान्ति सुव्यवस्था अमन चयन खल्बल्याउने कार्य गरेको/हिडेको पाईएमा देहाय बमोजिम जरिवाना हुनेछ ।

क)पहिलो पटक मादक पदार्थ सेवन गरी उक्त निर्णय उल्लंघन गरेमा सम्झाई बुझाई गरी रु. १५००। जरिवाना र रु. २०० मेडिकल जाँच शुल्क लिने ।

ख) सोही ब्यक्तिले उक्त कार्य दोहोर्‍याएमा दोस्रो पटकलाई रु. ५०००। जरिवाना र रु. २००। मेडिकल चेक जाँच शुल्क लिने ।

ग) तेस्रो पटक वा सो भन्दा बढी पटक भएमा प्रत्येक पटकका लागि १०,०००। ( दश हजार ) जरिवाना र २०० मेडिकल चेक जाँच शुल्क लिईनेछ ।

यदि कुनै ब्यक्तिले उपरोक्त अनुसारको जरिवाना तिर्न ईन्कार गरेमा निजलाई वडा कार्यालय तथा नगरपालिकाबाट प्राप्त सेवा सुविधा रोक्का राखी कारवाही गरिने छ ।

१६) नगरका ईजाजत प्राप्त मदिराका थोक बिक्रेताले दिउसो ३ बजे देखि ६ बजे सम्म र विर्को खोली मदिरा बिक्रि गर्ने बिक्रेताले बेलुकी ५ बजे देखि ९ बजे सम्म ईजाजत पत्रमा उल्लेखित स्थानमा मात्र मदिरा बिक्रि कक्ष संचालन गरी बिक्रि गर्न पाईने छ ।

१७) मदिरा बिक्रेताहरुले मदिरा बिक्रि कक्षमा मदिरा बाहेक अन्य मालसमान राखी कारोवार गर्न पाउने छैन ।

१८) मदिरा खरिद बिक्रि गर्नेले मदिरा खरिद बिक्रि गरेको विजक राख्नुपर्नेछ र थोक बित्रेताले बिर्को खोली मदिरा बेच्ने ब्यापारीलाई बिक्रि गर्दा सो ब्यापारीले चालु आ.व.कोनविकरण गरेको प्रमाण समेत आफूसंग राख्नुपर्नेछ ।

१९) ईजाजत पत्र सवैले देख्ने गरी कारोवार स्थलमा राख्नु पर्नेछ ।

२०) यस नरपालिकामा घरेलु मदिरालाई पुर्ण रुपमा निषेध गरिनेछ ।कसैले घरेलु मदिरा उत्पादन, बिक्रि, वितरण गरिएको भेटिएमा मदिरा नष्ट गरी देहाय अनुसारको जरिवाना गरिने छ ।





## परिच्छेद २

## समिति गठन सम्बन्धि ब्यवस्था

४)नगरपालिकाभित्र मदिरा बिक्रि वितरणलाई ब्यवस्थित गर्न देहाय बमोजिमका समितिहरु रहनेछन् ।

१) नगरस्तरीय मदिरा ब्यवस्थापनमूल समिति देहाय बमोजिम गठन गरिने हुनेछ ।

| | |
|---|---|
| क) नगरप्रमुख | अध्यक्ष |
| ख) उप प्रमुख | सदस्य |
| ग) नगरकार्यपालिकाका सम्पूर्ण सदस्यहरु | सदस्य |
| घ) ईलाका प्रशाशन कार्यालय प्रमुख | सदस्य |
| ङ) ईलाका प्रहरी कार्यालय प्रमुख | सदस्य |
| च) ससस्त्रप्रहरी वेस क्याम्प प्रमुख | सदस्य |
| छ) उद्योग वाणिज्य संघ प्रतिनिधि | सदस्य |
| ज) वजार ब्यवस्थापन समिति प्रतिनिधि | सदस्य |
| झ) होटेल ब्यवसायी संघ प्रतिनिधि | सदस्य |
| ञ) प्रमुख प्रशाशकीय अधिकृत | सदस्य सचिव |

५. नगरस्तरीय मदिरा ब्यवस्थापन समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम रहनेछ ।

क) मदिरा बिक्रि वितरणलाई ब्यवस्थित गरी नगरमा हुने बिकृति विसंगतीलाई रोक्न आवस्यक कार्य गर्ने गराउने ।

ख) वडास्तरीय मदिरा ब्यवस्थापन समितिलाई आवस्यक निर्देशन दिने ।

ग) मदिरा बिक्रि वितरण र ब्यवस्थापन तथा नियमन गर्न यस ऐनलाई कडाईका साथ लागु गर्ने गराउने ।

घ) यो ऐन विपरित मदिरा वितरण गर्ने वा सेवन गर्नेलाई जरिवाना गर्ने, गर्न लगाउने ।

ङ) मदिरा बिक्रि वितरण ब्यवस्थापन र नियमनलाई ब्यवस्थापन गर्न आवस्यक अध्ययन गर्ने गराउने ।

६.नगरपालिकामा मदिरा बिक्रि वितरण, पसल ब्यवस्थापन, र सो संग सम्बन्धित प्रचलित नियमानुसारका क्षेत्रहरुमा अनुगमन गर्न देहाय बमोजिमको मदिरा अनुगमन समिति गठन हुनेछ ।

क) नगर उप-प्रमुख - संयोजक

ख) आर्थिक विकास समिती संयोजक - सदस्य

ग) ईलाका प्रशाशन कार्यालयका अधिकृत प्रतिनिधि - सदस्य

घ)खाद्य गुणस्तर, औषधि/ जनस्वास्थ्य/ उद्योग वाणिज्य संघ हेर्ने शाखा प्रमुख - सदस्य

ङ) सम्बन्धित उद्योग वाणिज्य संघ प्रतिनिधि - सदस्य

च) उपभोक्ता हित संरक्षणमा क्रियाशीलसंस्था वा व्यक्तिबाट एक जना प्रतिनिधि - सदस्य

छ)कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने शाखा प्रमुख - सदस्य सचिव

७. मदिरा विक्रि वितरण व्यवस्थित गर्न प्रत्येक वडामा देहाय बमोजिम वडास्तरीय मदिरा व्यवस्थापन समिति गठन हुनेछ ।

क) सम्बन्धित वडाको कडा अध्यक्ष - अध्यक्ष

ख) सम्बन्धित वडाका वडा सदस्यहरु - सदस्य

ग) वडामा रहेको प्रहरी चौकी वा सो वडा हेर्ने प्रहरी कार्यालयको प्रतिनिधि - सदस्य

घ) वडाको वजार व्यवस्थापन समितिको प्रतिनिधि - सदस्य

ङ) सम्बन्धित वडाको सचिव - सदस्य सचिव

८. वडास्तरीय मदिरा व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) वडामा यस ऐन बमोजिम मदिरा बिक्रि वितरण, सेवन भएको छ छैन सोको अनुगमन गरी त्यसको जानकारी मूल समितिलाई दिने ।

ख) यस ऐनमा भएको ब्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

ग) यस ऐनको पालना नगर्नेलाई यस ऐन बमोजिम जरिवाना गर्ने ।

घ) समय समयमा मूल समिति र अनुगमन समितिले दिएको आदेश निर्देशनको पालना गर्ने गराउने ।

ङ) यस ऐन बमोजिम आफूले गर्नु पर्ने अन्य कार्य गर्ने ।

## परिच्छेद ३

## मदिरा ब्यवस्थापन कोष सम्बन्धि ब्यवस्था

९) यस ऐन विपरित मदिरा बिक्रि वितरण र सेवन गर्ने ब्यक्तिवाट ऐन बमोजिम उठेको जरिवाना रकमको १० प्रतिसत सुराक दिने ब्यक्तिलाई, २५ प्रतिसत सुरक्षा निकायलाई ईन्धन र अन्य ब्यवस्थापनका लागि, २५ प्रतिसत सम्बन्धित वडा कार्यालय र ४० प्रतिसत नगरपालिकाको मदिरा ब्यवस्थापन कोषमा रहनेछ । कोषको संचालन नगर प्रमुख र प्रमुख प्रशाशकीय अधिकृतको संयुक्त दस्तखतबाट गरिनेछ ।





१०) मदिरा ब्यवस्थापन कोषको रकम नगरकार्यपालिकाको निर्णय अनुसार देहाय बमोजिम खर्च गरिनेछ ।

क) गम्भिर रोग लागेका तर आर्थिक अभावका कारण उपचार गर्न असमर्थ भएका ब्यक्तिलाई आर्थिक सहयोग गर्ने ।

ख) घरेलु हिंसामा परेका महिलाहरुलाई आवस्यक जीविकोपार्जनका लागि आवस्यक सहयोग गर्ने ।

ग) बेवारिसे ब्यक्ति मरी लाश सत्गद गर्नु परेमा ।

घ) नगरपालिकाले उचित ठहर्याएको अन्य सामाजिक सेवामा ।

ङ) मदिरा सेवन विरुद्धका जनचेतनामूलक कार्यक्रमहरुमा ।

च) मदिराको विक्रि वितरण सम्बन्धि अनुगमनकार्यक्रममा ।

## परिच्छेद ४

## मदिरा बिक्रि वितरण र ब्यवस्थापन सम्बन्धि ब्यवस्था

११ मदिरा सम्बन्धि शुल्क, जरिवाना र अन्य ब्यवस्थाः१) यस परशुराम नगरपालिकामा मदिरा पसल खोल्ने अनुमतिका प्राप्तिका लागि उद्योग वाणिज्य संघ र वडा कार्यालयकोसिफारिसमा नगरपालिकाको निर्णय द्वारा देहाय बमोजिमको शुल्क लिई लिईनेछ ।

क) नयाँ मदिरा डिलरको ईजाजत प्राप्त गर्नका लागि रु. १,५१,०००। (एक लाख एकाउन्न हजार मात्र)

ख) नयाँ विर्को खोली मदिरा बेच्ने पसलको ईजाजत प्राप्त गर्नका लागि रु. ५१,०००। (एकाउन्न हजार मात्र)

१२) मदिरा पसलको नविकरणका लागि वडा कार्यालय र उद्योग वाणिज्य संघको सिफारिसमा नगरपालिकाले प्रत्येक वर्ष देहायको नविकरण शुल्क लिई नविकरण गर्नेछ ।

क) मदिरा डिलरः ३५,०००/- (पैतिस हजार)

ख) बिर्को खोलि बेच्ने पसल : ७,०००/- (सात हजार)

प्रत्येक वर्ष गर्नुपर्ने नविकरणमा नविकरण नगरी एक वर्ष ढिला भएमा ३० प्रतिसत २ वर्ष ढिला भएमा ४० प्रतिसत र ३ वर्ष ढिला भएमा ५० प्रतिसत जरिवाना हुनेछ ।

१३)नगरपालिकाको ईजाजत नलिएका डिलरहरुले नगरपालिका क्षेत्रभित्र मदिरा बेचबिखन गर्न पाउने छैनन ।नगरको ईजाजत नभएका मदिरा विक्रेताले नगरमा मदिरा ल्याई प्रवेश गरेमा देहाय बमोजिमको जरिवाना गरिनेछ ।

क)पहिलो पटकका लागि : न्युनतम २५,०००/- (पच्चिस हजार) देखि
अधिकतम १,००,०००/- (एक लाख) सम्म जरिवाना
ख) दोश्रो पटकका लागि : न्युनतम ५०,०००/- (पचास हजार)देखि
अधिकतम १,५०,०००/- (एक लाख पचास हजार) सम्म जरिवाना

परशुराम नगरपालिका